जिल्ला स्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) तथा जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) को संयुक्त बैठक ;

प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलको अध्यक्षतामा आज मिति २०७७/०९/०९ गते विहिवारबारका दिन जिल्ला प्रशासन कार्यालय सिरहामा बस्यो ।

**विशेष उपस्थिति:**

समन्वय प्रमुख, श्री रामचन्द्र ठाकुर, जिल्ला समन्वय समिति, सिरहा

**उपस्थिति:**

१. प्रमुख जिल्ला अधिकारी, श्री प्रदीपराज कणेल, जिल्ला प्रशासन कार्यालय, सिरहा - संयोजक
२. प्रमुख सेनानी, श्री जितेन्द्र कुमार गौली, शेरगण चोहर्वा व्यारेक
३. प्रहरी उपरिक्षक, श्री उमाशंकर पंजियार, जिल्ला प्रहरी कार्यालय, सिरहा
४. सशस्त्र प्रहरी उपरिक्षक, श्री दिपेन्द्र गिरी, सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हे.क्वा., सिरहा
५. उप. अनु.निर्देशक, श्री तुलसीराम प्रसाई, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सिरहा
६. समन्वय अधिकारी, श्री सुजित कुमार यादव, जिल्ला समन्वय समिति, सिरहा
७. मे.सु., डा. नागेन्द्र प्रसाद यादव, सिरहा अस्पताल सिरहा
८. प्रमुख, श्री कृष्णदेव यादव, स्वास्थ्य कार्यालय, सिरहा
९. सभापति, श्री राजदेव यादव, नेपाल रेडक्रस सोसाइटी, सिरहा
१०. अध्यक्ष, श्री प्रमोद कुमार पौद्दार, उद्योग वाणिज्य संघ, सिरहा
११. केन्द्रीय सदस्य, देव कुमार यादव, नेपाल पत्रकार महासंघ, सिरहा

**बैठकको कारवाही एवम् निर्णय** श्री चन्द्र किशोर यादव स्वा. का. सिरहा

१. हाल सम्म जिल्लामा कोभिड-१९ संक्रमण जोखिम न्यूनीकरण सम्वन्धी अवस्था देहाय अनुरुप रहेको व्यहोरा बैठकमा अवगत भयो ;

| जिल्ला | चेकजाँच गरेको संख्या | फिर्ता गरेको संख्या | जिल्लामा रहेका क्वारेन्टाईन स्थलको | क्वारेन्टाईन वेड संख्या | क्वारेन्टाईन | | | क्वारेन्टाईनबाट फर्ता गरेको संख्या | आईसोलेसन वेड संख्या | आईसोलेसन | | | आईसोलेसनबाट फिर्ता गरिएको संख्या | स्वाब संकलन गरिएका व्यक्तिको संख्या | स्वाब परिक्षण भएका व्यक्तिको संख्या | जम्मा संक्रमित | उपचारार्थ | निको भएका | मृत्यु | PPE / PPE Gown को संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पु. | म. | ज. | | | पु | म | ज | | | | | | | | |
| सिरहा | 0 | ० | ८ | १८५ | ० | ० | ० | ८६५१ | ११५ | १८ | ४ | २२ | १५८९ | १२१०६ | १२१०६ | १६३६ | २२ | १५८९ | २५ | ३४०० |

२. गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराधा नियन्त्रण शाखा) को च.नं. १८२४ मिति २०७७/०९/०२ तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. मं.बै. ३२१/२५९६ मिति २०७७/०८/३० गतेको प्राप्त पत्रको निर्देशन बमोजि " विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ संक्रमणबाट सुरक्षित रहि रहन नेपालको अन्तराष्ट्रिय सीमानामा रहेका स्थल मार्गबाट नेपाल प्रवेश गर्ने सबै प्रवेश विन्दु र खुल्ला सीमानको जुनसुकै स्थानबाट हुन सक्ने यात्रुहरुको आबागमन अर्को व्यवस्था नभए सम्म स्थगित गर्ने तर नेपाल सरकारको मन्त्रिपरिषद्को मिति २०७७/०२/१२ को निर्णय बमोजिम कोभिड-१९ संक्रमणको कारण उत्पन्न असहज परिस्थितमा स्वदेश आउनु पर्ने अवस्थामा रहेका नेपाली नागरिकलाई स्वदेश स्थल मार्गबाट तोकिएको प्रवेश विन्दुबाट नेपाल प्रवेश गर्न दिने लगायत मालसामानको ढुवानी व्यवस्थालाई यथावत कायम राखी सो विपरीत गर्ने गराउनेलाई प्रचलित कानून बमोजिम कारवाही गर्ने " वारेको व्यहोरा बैठकमा अवगत भयो। साथै सोही बमोजिम गर्ने गराउने।

३. गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराधा नियन्त्रण शाखा) को च.नं. १८५८ मिति २०७७/०९/०८ को प्राप्त निर्देशनको देहायको व्यहोरा बैठकमा अवगत भै यस जिल्ला सँग सम्वन्धित विषयको हकमा सोही बमोजिम गर्ने गराउने ;

क) संयुक्त अधिराज्यबाट यात्रा प्रस्थान गरी नेपाल आउने यात्रु र संयुक्त अधिराज्य ट्रान्जिट भई नेपाल आउने यात्रुलाई मिति २०७७ पौष ७ गते एयरपोर्टमा ट्रान्जिटमा रहेको वाहेक अर्को सूचना नहुञ्जेलसम्म नेपाल आगमनमा रोक लगाउने। सम्वन्धित नियोगबाट भिसा जारी नगर्ने र नेपालमा प्रवेशाज्ञा रोक लगाउने तर यस विचमा यात्रा सुरु गरी ट्रान्जिटमा रहेका यात्रुहरुको हकमा नेपाल प्रवेश गरे पछि निजी खर्चमा अनिवार्य १० दिन होटल क्वारेन्टिनमा राख्ने।

ख) २०७७/०९/०१ गते देखि संयुक्त अधिराज्यबाट उत्पत्ति भई वा सो मुलुकमा ट्रान्जिट भई नेपाल प्रवेश गरेका यात्रुलाई कन्टयाक्ट ट्रेसिङ्ग गरी ७ दिन पछि स्वस्थ्य तथा जनसंख्या मन्त्रालयको समन्वयमा CCMC र DCCMC मार्फत अनिवार्य रुपमा परीक्षण गर्ने। प्रकरण १ बमोजिम होटल क्वारेन्टिनमा रहेका र यस अघि नेपाल प्रवेश गरेका यात्रुलाई नेपाल प्रवेश गरेको १० दिन सम्म आफ्नै खर्चमा क्वारेन्टिन बस्न अनिवार्य गर्ने।

ग) २०७७/०९/०१ गते देखि संयुक्त अधिराज्यबाट उत्पत्ति भई वा सो मुलुकमा ट्रान्जिट भई नेपाल प्रवेश गरिसकेका यात्रुलाई नेपाल प्रवेश गरेको मितिले ७ देखि १० दिन भित्र स्वास्थ्य परीक्षणको लागि नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राख्ने।

घ) सवै बायु सेवाहरुलाई प्रकण १ मा उल्लेख भएको व्यवस्था लागु गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले आजै निर्देशन दिने।

ङ) यस्तै प्रकारको कोभिड-१९ को नयाँ संक्रमण भएको अन्य कुनै देशबाट आउने यात्रुहरुको लागि समेत उल्लेखित बमोजिमको व्यवस्था लागु गर्न सकिने।

४. २०७७/०८/२८ मा सिरहा अस्पतालमा स्थापना भई संचालनमा आएको PCR Lab बारे जिल्लाका सबै स्थानीय तह समेतमा अवगत गराउने।

५. जिल्ला प्रहरी कार्यालय, सिरहाको च.नं.८३१ मिति २०७७/०९/०८ को प्राप्त पत्र बमोजिम इलाका प्रहरी कार्यालय मिर्चैया, सिरहाको दक्षिण पट्टी (पछाडी) रहेको कम्पाउण्ड वाल वर्षाको कारण करिव १०० मिटर भत्किन गइ कार्यालय सुरक्षाको दृष्टिकोणले अति संवेदनशिल देखिएको र उक्त कम्पाउण्ड सँग जोडिएर अस्पताल समेत रहेको हुँदा मानिसहरुको आवतजावत बढी हुने र उक्त स्थानबाट अन्य मानिस प्रवेश गर्न सक्ने भएको हुँदा हालको अवस्थालाई मध्यनजर गरी उक्त वालको स्थानमा तारवारको लागि आवश्यक पर्ने सामाग्री कन्सरटिना तार १० (दश) बण्डल उपलब्ध गराई दिन हुन जिल्ला समन्वय समितिको कार्यालय वा सो कार्यालयको समन्वयमा मिर्चैया न.पा.बाट सहयोग हुन अनुरोध गर्ने।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा नेपाल

६. सिरहाको धनगढीमाई न.पा. वडा नं. ११ मा विगत २०७६ चैत्र २२ देखि संचालनमा ल्याईएको कोरोना विशेष अस्पताल (आइसेलसन) मा मिति २०७७/०८/२५ देखि कोरोना पोजेटिभको संख्या सुन्य भएको । उक्त आइसोलेसनलाई अगामी दिनमा संचालन गर्ने नगर्ने सम्वन्धमा DCCMC को मिति २०७७/०९/०२ को निर्णय बमोजिम समाजिक विकास मन्त्रालय प्रदेश नं. २ मा अनुरोध भएको हाल सम्म पनि कुनै निर्देशन प्राप्त नभएको । समाजिक विकास मन्त्रालय, प्रदेश नं. २ का श्रीमान् सचिव ज्यू र सिरहा अस्पताल सिरहाका मे.सु. विच COVID Isolation संचालन सम्वन्धमा प्राप्त मौखिक वार्तालाप बमोजिम २०७७ कार्तिक मसान्त सम्म संचालनका लागि मात्र अनुमति प्रप्त भएकोमा त्यस पश्चात COVID Isolation संचालन नगर्न भनी मौखिक आदेश भएको भनी सिरहा अस्पतालका मे.सु.बाट मौखिक व्यहोरा जानकारी हुन आएको तत् सम्वन्धमा महेन्द्र गेनाई कोभिड विशेष अस्पतालको व्यवस्थापन गर्न कठिनाई हुने भएकोले हाललाई उक्त आइसोलेसन/अस्पतालमा रहेको सामानहरुको रेखदेख गर्न सिरहा अस्पताल बाट कर्मचारी खटाउने । साथै विगत देखि उक्त अस्पतालको संचालन एवम् सुरक्षार्थ खटिएको नेपाली सेनाको टुकडीलाई भविष्यमा सुरक्षा आवश्यक भए तैनाथी हुने गरी हाललाई श्री शेरगण चोहर्वा व्यारेकमा फिर्ता गर्ने । कोभिडको संक्रमण पुन: बढ्दै गएमा सिरहा अस्पतालले सो अस्पताललाई पुन: संचालन गर्ने ।

२०७७।९।५
प्र.जि.अ.
प्रमुख जिल्ला अधिकारी